म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ६ शनिबार २० साउन २०८० ने. सं. ११४३ अनलागा 5 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नारायणी नदीमा डुबेर हेटौंडाकी पराजुलीको मृत्यु

हेटौंडा, १९ साउन/चितवनस्थित नारायणी नदीमा हामफाल्दा १ जना महिलाको मृत्यु भएको छ । साउन १८ गते विहीबार ७:४० बजे नारायणी नदीको पुलबाट हामफाल्दा उमाकुमारी रेग्मी पराजुलीको मृत्यु भएका बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

हेटौंडा-२ बस्ने ५२ वर्षीया पराजुली १८ गते नदीमा हामफालेकोमा वडा प्रहरी कार्यालय नारायणगढबाट खटिएको प्रहरी टोलीले उद्दार गरी उपचारको लागि नयाँ मेडिकल कलेज भरतपुर पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरीले जानकारी दिएको छ । उपचारको क्रममा दिउँसो १ बजे मृत्यु भएको उमाको शव श्रीमान सरोजकुमार पराजुलीले बुझ्केको प्रहरीले जनाएको छ ।

### निरन्तर घाटामा हेटौंडा सिमेन्ट उद्योग

## प्रतिबोरो उत्पादन लागत ९ सय, बिक्री सात सयमा

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ सरकारी स्वामित्वमा रहेका उद्योग एकपछि अर्को धराशायी बनिरहेका वेला हेटौंडा सिमेन्ट उद्योग पनि त्यही बाटो पछ्याइरहेको छ । कुनै समयमा नेपाली सिमेन्ट क्षेत्रमा एकछत्र राज गरेको उद्योग पाँच वर्षयता अस्तितव जोगाउनका लागि मात्रै सञ्चालनमा रहेको छ । उद्योगले पछिल्लो समय उत्पादनस्थल हेटौंडामा पनि आफ्नो कब्जा जमाउन सकेको छैन, निजी लगानीको सिमेन्ट उद्योगसँगको प्रतिस्पर्धा त परको कुरा ।




उद्योगले उत्पादन गर्ने सिमेन्ट देशभरमै सबैभन्दा बढी गुणस्तरीय र विश्वासिलो मानिन्छ । 'गुडविल'ले मात्रै टिकेको हेटौंडा सिमेन्ट बन्द हुने अवस्थामा पुगिसकेको छ । कच्चापदार्थ अभाव र ढुंगाको धुलो पकाउने मेसिन (किल्न) बिग्रिएर सिमेन्ट उत्पादन समेत रोकिने गरेको छ ।

उद्योग निरन्तर चल्ने र बन्द भइरहने अवस्थाबाट गुज्रिएको उद्योगका महाप्रबन्धक वसन्त पाण्डे बताउँछन् । 'सिमेन्ट उत्पादन गर्ने मेसिन धेरै जीर्ण भइसकेको रहेछ । पटकपटक बिग्रिने र पूर्ण क्षमतामा उत्पादन गर्न नसक्ने अवस्था छ', उनी भन्छन्, 'उद्योगमा नयाँ मेसिन नल्याएसम्म समस्या हट्दैन ।' पाण्डेका अनुसार एउटा बनाएर चलायो अर्को बिग्रिहाल्ने समस्या छ । करिब चार दसक पुरानो मेसिनले अहिलेको अत्याधुनिक प्रबिधियुक्त मेसिनसँग उत्पादनमा प्रतिष्पर्धा गर्न नसक्ने अवस्था रहेको छ ।

नयाँ उपकरण ल्याएर मात्र उत्पादन थाल्नुपर्ने भएकाले सरकारसँग पहल गरिरहेको पाण्डेले बताए । कुनै समय हेटौंडा सिमेन्ट उद्योगमा ९ सयको हाराहारीमा कामदार कर्मचारी कार्यरत थिए तर, अहिले दैनिक ज्यालादारी समेत जोड्दा तीन सय पुगनपुग रहेका छन् । उद्योग घाटामा जानुको पछाडि उद्योगभित्रको भ्रष्टाचार, कमिसनतन्त्रले जरो गाडेको छ भने उत्पादन भएको सिमेन्टको बजारीकरणमा उद्योगले चासो दिएको छैन । उपभोक्ता हेटौंडा सिमेन्ट खाज्दै भौतारिनु परेको छ तर, उद्योगमा भण्डारण भएको सिमेन्ट बजारमा आउन सकेको छैन ।

**पाँच वर्षमा १ अर्ब घाटा**

उद्योगले पाँच वर्षमा करिब १ अर्ब रुपैयाँ घाटा व्यहोरेको छ । उत्पादनमा गिरावट र उत्पादित सिमेन्ट पनि बिक्री नहुने समस्याले उद्योग निरन्तर घाटामा छ । गत आव २०७९/८० मा मात्रै उद्योगले करिब २० करोड रुपैयाँ घाटा व्यहोरेको महाप्रबन्धक पाण्डेले जानकारी दिए ।

उद्योगले आव २०७४/७५ मा १६ करोड ३६ लाख नाफा कमाएको थियो । त्यसयता उद्योग निरन्तर घाटामा छ । आव २०७५/७६ मा उद्योगले एक करोड ५ लाख, आव ०७६/७७ मा २३ करोड ८२ लाख, आव ०७७/७८ मा थप १७ करोड चार लाख नोक्सान व्यहोरेको उद्योगले जनाएको छ । त्यसैगरी गत आव २०७८/७९ मा उद्योगले करिब साढे २३ करोड घाटा व्यहोरेको महाप्रबन्धक पाण्डेले बताए ।

उद्योगमा गत आव २०७९/८० मै उत्पादन भएको करिब दुई लाख बोरा सिमेन्ट बिक्री नभएर गोदाममा थन्किएको छ । यसकारण उद्योगलाई घाटा लागेको छ । उद्योगले गत आव ०७९/८० मा १० लाख बोरा सिमेन्ट बिक्री गरेकोमा बाँकी दुई लाख बिक्री गर्न नसकेको महाप्रबन्धक पाण्डेले बताए । उनले निजी उद्योगले सिमेन्टको मूल्य घटाएपछि हेटौंडा सिमेन्ट बिक्री हुन नसकेको बताए । बजारसँग प्रतिस्पर्धा गर्न उद्योगले हाल प्रतिबोरा सिमेन्ट ७ सय २ रुपैयाँमा बिक्री गर्छ । तर, उद्योगलाई एक बोरा सिमेन्ट उत्पादन गर्न करिब ९०० रुपैयाँ लागत पर्ने पाण्डेले जानकारी दिए ।

**अर्थ मन्त्रालयसँग १ अर्ब ६० करोड रुपैयाँको योजना माग**

उद्योगमा रहेको जीर्ण उपकरणलाई विस्थापन गर्दै नयाँ उपकरण जोड्न भन्दै उद्योगले अर्थ मन्त्रालयसँग १ अर्ब ६० करोड रुपैयाँको योजना माग गरेको छ । उद्योग राम्रोसँग सञ्चालनमा ल्याउन नयाँ मेसिनको जडान आवश्यक रहेकाले यो रकमको माग गरेको महाप्रबन्धक पाण्डेले बताए । 'हामीले यो परियोजना कार्वान्वयन भएमा उद्योग २५/३० वर्षसम्म मज्जाले चल्छ ।

३/४ वर्षमा लगानी उठेर नाफामा पनि जान्छ,' महाप्रबनधक पाण्डेले भने, 'अर्थ मन्त्रालदेखि भौतिक मन्त्रालयसम्म हामीले माग गरेका छौं ।' उनले हेटौंडा सिमेन्ट उद्योगको विषयमा अर्थमन्त्री डा.प्रकाशसरण महत पनि गम्भिर रहेको भन्दै छलफलका लागि बोलाएको बताए । सिमेन्टको बजारमूल्य नियन्त्रणमा महत्वपूर्ण भूमिका रहने भएकोले पनि हेटौंडा सिमेन्ट उद्योगलाई बचाइराख्नु पर्ने बिज्ञहरु बताउँछन् ।

सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योग बचाउन सकिएन भने निजी क्षेत्रका उद्योगले उत्पादन गरेको सिमेन्टले बजारमा एकाधिकार जमाउने अवस्था रहेको बिज्ञहरुको भनाइ छ । सिमेन्टको बजारमूल्य निर्धारणमा सरकारी स्वामित्वको उद्योगको ठूलो भूमिका रहन्छ । अर्कोतर्फ हेटौंडा र उदयपुर सिमेन्टको उत्पादन गुणस्तरीय भएका कारण पनि उपभोक्ताले पाएसम्म सरकारी स्वामित्वको उत्पादन नै उपभोग गर्न खोजिरहेका हुन्छन् ।

## बस्तीपुरको बेकरीमा सिल, साढे २ लाख जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ बेलाबखत मात्रै सरकारी अनुगमन टोली बजार अनुगमनमा पुग्ने गरेका कारण हेटौंडाको बजार क्षेत्रमा अखाद्य वस्तुको निर्वाध बिक्रीवितरण भइरहेको पाइएको छ । खाद्यवस्तुको उत्पादन तथा बिक्री बितरणमा स्थिति नाजुक अवस्थामा पुगेको देखिएको छ ।





नियमित बजार अनुगमन हुन नसक्दा अखाद्य वस्तुको बिक्रिवितरणको सीमा नै नाघेको छ । तर, शुक्रबार जिल्ला अनुगमन टोलीले एक बेकरी उद्योगमै सिल गरेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरसहित घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरको नेतृत्वमा रहेको अनुगमन टोलीले हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरमा रहेको खुस्बु बेकरी उद्योगमा सिल गरेको हो । अनुगमन टोलीले बेकरी उद्योगमा सिल गर्नुका साथै दुई लाख ५० हजार रुपैयाँ जरिवानासमेत गरेको छ ।

अनुगमनका क्रममा उद्योगले गत ०७७ देखि कुनै पनि सरकारी संस्थामा नवीकरण नगरेको र खाद्य अनुज्ञापत्रसमेत नवीकरण नभएको पाइएपछि जरिवान गरिएको घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरकी प्रमुख टीका शर्माले जानकारी दिएकी छन् । प्रमुख शर्माका अनुसार बेकरीले उत्पादन गरेको खाद्य सामग्रीमा अखाद्य वस्तु प्रयोग गरिएको, उत्पादित वस्तुमा लेबल नभएको, नापतौल उल्लेख नगरिएको, उद्योगमा उत्पादन तथा बिक्री तथा अनुमति नभएका गुट्खा, चकलेट, मिठाइलगायतका खाद्य सामग्री फेला परेको थियो ।

अनुगमन टोलीले उद्योगको एउटा मेसिन र उत्पादित सामग्री भण्डारण गरिएको कक्षमा सिल गरिएको छ । उद्योगलाई तीन दिनभित्र सम्बन्धित कार्यालयबाट नवीकरण तथा अनुज्ञापत्र नवीकरण गर्न र थप प्रक्रिया पूरा गर्न घरेलु तथा साना उद्योग कार्यालयमा उपस्थिति हुन निर्देशन दिइएको छ । यस्तै, अनुगमन टोलीले अनुगमनका क्रममा थप तीनवटा पसल तथा व्यवसायलाई जरिवाना गरी सचेत गराइएको छ । बस्तीपुरको सन्तोष किराना पसल, न्यु पराजुली स्टोर्स र दोर्जे सिन्तानले सञ्चालन गरेको किराना तथा मासु पसललाई १०-१० हजारका दरले जरिवाना गर्नुका साथै सचेत गराइएको प्रमुख शर्माले बताइन् ।

टोलीले सरसफाइ नगरेको, उपभोग्य मिति सकिएका सामग्रीहरु बेच्न राखेको, खरिद तथा बिक्री बिल नभएको र दर्ताबिना सञ्चालन गरेको पाइएपछि उनीहरुलाई जरिवाना गरिएको हो । अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरकी प्रमुख शर्मासहित खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालय मकवानपुर, जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौंडा उपमहानगर पालिका र उपभेक्ता हित संरक्षण मञ्चका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## हेटौंडामा आँखा पाक्ने रोगले महामारीको रुप लिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ हेटौंडाका स्कुले बालबालिकामा आँखा पाक्ने रोगको प्रकोप फैलिदै गएको छ। करिब एक सातायता यसले प्रकोपको रुप लिएको हो ।

यो संक्रमण विशेष गरेर हेटौंडा र आसपासका क्षेत्रका बालबालिकामा तीव्र गतिमा फैलिइरहेको छ। विद्यालय, आँखा अस्पताल लगायत भीडभाड धेरै हुने सार्वजनिकस्थल यसको प्रमुख स्रोत बनेका छन् । पछिल्ला केही दिनयता आँखा पाक्ने रोग अर्थात् एक्युट कन्जन्टिभाइटिसबाट बालबालिका बढी प्रभावित भएका छन् । चिकित्सकका अनुसार सरुवा रोग भएकाले आँखाको संक्रमण एकबाट अर्कोमा चाँडो सर्छ ।

पढ्नलाई विद्यालय जाने बालबालिकादेखि उपचारका लागि अस्पताल पुग्नेहरुबाट समुदायस्तरमै संक्रमण फैलिइरहेको बताइएको छ । तर, यसको रोकथामका लागि कुनै उपाय अवलम्बन गरिएको छैन । विद्यालयदेखि सरकारसम्म मौन छन् । मानव शरीरको महत्वपूर्ण अंगमध्येको आँखा जोगाउन अपनाउनुपर्ने सावधानीलगायतका विषयमा जनचेतामूलक कार्यक्रम सञ्चालन गरिएको छैन । अनियन्त्रित बनेको संक्रमण समुदायमा थप फैलन नदिन सतर्कता अपनाइएको छैन ।

हेटौंडा समुदायिक आँखा अस्पतालमा आँखा पाक्ने रोगका बिरामीको संख्या निरन्तर बढ्दो क्रममा रहेको बताइएको छ । चिकित्सकका अनुसार एक्युट कन्जन्टिभाइटिस संक्रमण सामान्यत: ७ देखि १० दिनसम्म रहन्छ । तर, कसैकसैमा भने जटिल बनेर आँखाको कोर्नियामा समेत असर गर्न सक्छ । त्यसैले संक्रमण देखिनासाथ उपचार प्रक्रियामा जानुपर्ने चिकित्सकले बताएका छन् ।

यस्तो संक्रमण हुँदा आँखा गुलाफी वा रातो देखिने, चिलाउने, पोल्ने, पानी बग्ने, चिप्रा लाग्ने लगायतका लक्षण देखिन्छ । बिरामीको परेला सुन्निने, आखाँमा केही बिझ्ने जस्तो महसुस हुने, उज्यालो हेर्न गाह्रो हुने, दृष्टि धमिलो हुने लगायतका समस्या पनि देखिन सक्छ ।

## थाहाका देउलासहित ८५ लाखको सामान चोरी गर्ने गिरोह पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ काठमाडौंमा बहुमूल्य सामान चोरी गर्ने थाहा नगरपालिका घर भएका एक युवकसहितको एउटा गिरोहलाई प्रहरीले पक्राउ गरेको छ ।

रातिको समयमा बहुमूल्य वस्तु चोरी गर्ने सिन्धुपाल्चोकको तौथली गाउँपालिका वडा नम्बर ७ घर भई काठमाडौंको बुढानीलकण्ठ बस्ने सुमन भन्ने बिष्णु श्रेष्ठ र मकवानपुरको थाहा नगरपालिका-९ घर भई हाल काठमाडौंको ठमेलमा बस्ने विकास देउलालाई उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पक्राउ गरेको हो ।

उनीहरुले रोलेक्स, ओमेगा, राडो ब्रान्डका घडी, सुन र हीरा ८५ लाख २६ हजार ९ सय रुपैयाँको सामान चोरी गरेको प्रहरीले जनाएको छ । यो प्रकरणमा पक्राउ परेका बिष्णु श्रेष्ठविरुद्ध यसअघि काठमाडौंका विभिन्न प्रहरी इकाइमा चोरी लगायतका ६ वटा मुद्दा चलेको समेत प्रहरीले जनाएको छ ।

Join IT Career in HCC

Admission Open

+2

Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program

BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौँडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि प्**रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौँडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# नेपाल बसेरै वार्षिक २० लाख भित्र्याउँछन् आईटी प्रोफेसनलहरू



नेपालमा बसेर सूचना प्रविधि सम्बन्धी सेवा निर्यात गरिरहेका एक जना दक्ष आईटी प्रोफेसनलहरुले वार्षिक औसत २० लाख रुपैयाँभन्दा बढी मुलुकमा भित्र्याउने गरेका छन् ।

सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडीएस)ले गरेको एक अध्ययनले दक्ष आईटी फ्रिलान्सरहरुले औसतमा वार्षिक १५ हजार ३ सय २२ अमेरिकी डलरबराबरको सेवा निर्यात गर्ने देखाएको हो ।

विश्वका अन्य मुलुकमा भने सूचना प्रविधि क्षेत्रलाई नीतिगत रूपमा नै राज्यले प्रवर्द्धन गर्ने गरेको छ । तर नेपालमा भने सरकारको सहयोगविना नै आईटी कम्पनी तथा प्रोफेसनलहरुले सूचना प्रविधिको सेवा निर्यात गरेर ठूलो सम्भावनाको ढोका खोलिरहेका छन् ।

अध्ययनले सन् २०२२ मा मात्रै करिब ६८ अर्ब रुपैयाँको सूचना प्रविधि सेवा निर्यात भएको देखाएको छ । यसले नेपालको कुल ग्राहस्थ उत्पादनमा सूचना प्रविधि क्षेत्रबाट १.४ प्रतिशत र कुल विदेशी मुद्रा आर्जनमा साढे ५ प्रतिशत हिस्सा ओगटेको अध्ययनको निष्कर्ष छ ।

सूचना प्रविधिका क्षेत्रमा काम गर्नेहरुले मुलुकमा विदेशी मुद्रा भित्र्याउन महत्वपूर्ण योगदान पुऱ्याइरहेको आईआईडीएसकी परामर्शदाता डा. अमृता शर्मा बताउँछिन् । 'नेपालमा सूचना प्रविधिको सेवा दिने कम्पनी ६ हजारभन्दा बढी दर्ता भएका छन् । ७ सयभन्दा बढी कम्पनीले अहिले सेवा निर्यात गरिरहेका छन् । यसले वैदेशिक मुद्रा आम्दानीको काम गरिरहेका छन्,' उनी भन्छिन् ।

अध्ययनका अनुसार सन् २०२२ मा कम्पनी तथा स्वतन्त्र रुपमा काम गर्ने आईटी जनशक्तिको संख्या ६६ हजार ५०९ जना छ । त्यसमध्ये क्लेरिकल डेटा इन्ट्रीमा ७ हजार २१२ जना, क्रिएटिभ एण्ड मल्टिमिडियामा ७ हजार ३५५ जना, प्रोफेशनल सर्भिसेसमा २६७ जना, सेल्स एण्ड मार्केटिङ सपोर्टमा ३ हजार ३२६ जना, सफ्टवेयर एण्ड डेभलपमेन्टमा १४ हजार ७२८ र राइटिङ एण्ड ट्रान्सलेशन इन डिजिटल प्लेटफर्ममा ५ हजार ६६८ जनाले काम गरिरहेका छन् ।

नेपालमा काम गरिरहेका इन्ट्री लेभलका आईटी जनशक्तिले वार्षिक २ हजार ८१० डलर कमाउँछन् भने मध्यम तहका आइटी कामदारले ६ हजार ३९५ र उच्च तहमा रहेका दक्ष जनशक्तिले १५ हजार ३२२ डलरसम्म औसत आम्दानी गरिरहेको आईआईडीएसकी परामर्शदाता डा. शर्मा बताउँछिन् ।

त्यस्तै फ्रिल्यान्सरहरूले भने वार्षिक औसत ४ हजार ७२३ अमेरिकी डलर कमाउने गरेको उनको भनाइ छ ।

**आइटी सेवा निर्यातमा सफ्टवेयर इन्जिनियरहरूको योगदान बढी**

नेपालबाट आइटी सेवा निर्यात उद्योगमा व्यक्तिगत तथा सामूहिक रुपमा विभिन्न क्षेत्रका दक्ष जनशक्तिहरूले योगदान गरेका छन् । त्यसमध्ये सबैभन्दा धेरै सफ्टवेयर इन्जिनियरिङका क्षेत्रले बढी योगदान गरेको रिपोर्टमा उल्लेख छ ।

रिपोर्टअनुसार सबैभन्दा धेरै सफ्टवेयर इन्जिनियरिङतर्फ ३९.५ प्रतिशत, कम्प्युटर साइन्स, इन्जिनियरिङ र एप्लिकेश अध्ययन गरेका जनशक्तिले २९. ६ प्रतिशत, व्यवसायिक रुपमा सिप सिकेकाहरूले ११.१ प्रतिशत, साइबर सेक्यूरिटी, डेटा साइन्स, क्लाउड कम्प्युटिङ, ४.९ प्रतिशत र डिप्लोमा इन आइटीका दक्ष जनशक्तिले १.२ प्रतिशत योगदान गरेका छन् ।

यसैगरी नेपालमा फ्रिलान्सरहरू १७ वटा क्षेत्रलाई प्राथमिकता दिएर आइटी सर्भिसेजको काम गर्दै आएका छन् ।

रिपोर्टअनुसार सबैभन्दा धेरै कोडिङलाई प्राथमिकता दिएर फ्रिलान्सरहरू काम गर्ने गरेको देखाएको छ ।

कोडिङपछि दोस्रो नम्बरमा प्रोग्रामिङ, तेस्रोमा डिजाइन, चौथोमा सफ्टवेयर डेभलपमेन्ट र पाँचौंमा सोसल मिडियालाई प्राथमिकता दिएर काम गर्ने गरेको आईआईडीएसको रिपोर्टमा उल्लेख छ ।

यसैगरी भिडियो एडिटिङ छैटौं, टेस्टिङ सातौं, सर्च इन्जिन अप्टिमाइजेशन आठौं, एनिमेशन नवौं र कन्टेन्ट डेभलपमेन्ट/मोडरेशन दशौं नम्बरको प्राथमकितामा पर्ने गरेको छ । त्यसपछिको प्राथमिकतामा गेमिङ, सर्भे, ट्रान्सक्रिप्शन, लेबलिङ, एडटेक र प्रडक्ट क्याटेगोराइजेशन पर्ने गरेका छन् ।

'अहिले नेपालमा कम्पनीभन्दा पनि फ्रिलान्सरको रुपमा काम गर्नेको संख्या धेरै छ । यसले भविष्यमा प्रविधिले देशको विकासमा कायापलट गर्न सक्छ । दिनप्रतिदिन फ्रिलान्सरले प्रविधिका नयाँनयाँ आयामलाई विश्वभर पुऱ्याउनसके नेपाल आइटी सेवा निर्यात गर्ने हब बन्न सक्छ,' शर्माको भनाइ छ ।

नेपालमा आइटी कम्पनीभन्दा फ्रिलान्सर बढ्ने र व्यवस्थित तरिकाले सेवा निर्यात नगर्दा देशलाई नोक्सानी इन्फो डेभलपर्सका कार्यकारी प्रमुख उमेश रघुवंशी बताउँछन् । यसैगरी फ्रिलान्सिङ बढ्दै जाँदा प्रविधि कम्पनीहरू बन्द हुने अवस्था आउनसक्ने उनले बताए ।

सरकारले अब सूचना प्रविधि सेवा निर्यातमा नियमन गर्नुपर्ने उनी बताउँछन् । उनी भन्छन्, 'यसरी प्रविधिको निर्यातमा कम्पनीहरु कमजोर भए भने भोलि कस्ले कम्पनी खोल्न रुचाउँछ ? सबैले कम्पनी छाडेर फ्रिल्यान्सिङ गर्छन् र हुण्डीको कारोबारमा लाग्छन् । यसले विदेशी मुद्रा आर्जन होइन बाहिर पनि लैजाने जोखिम हुन्छ,' उनी बताउँछन् ।

**नेपालबाट डिजाइनको माग बढी**

यता, सफ्टवेयर कम्पनीहरूले नेपालबाट सबैभन्दा धेरै महत्वको काम भने यूआई/युएक्स अर्थात् डिजाइन गर्ने/गराउने गरेको देखिएको छ । आईआईडीएसका अनुसार आइटी कम्पनीहरूले सबैभन्दा धेरै जनशक्ति डिजाइन (यूआई/यूएक्स)मा लगाउने गरेका छन् । त्यसपछि माइक्रोसफ्टको डेटाबेस म्यानेजमेन्ट सिष्टममा आधारित प्रोग्राम एसक्यूएल सर्भर रहेको छ ।

यसैगरी फुलस्टक वेब डेभलपर, पायथन, डेभओपीएस, अटोमेशन टेस्टिङ, क्लाउड कम्प्युटिङ, डेटा साइन्स, एआई, सर्च इन्जिन अप्टिमाइजेशन, साइबर सेक्यूरिटी, जाभा सर्टिफिकेशन, सिष्टम एण्ड नेटवर्किङ, नेट प्रोग्रामिङ, ब्लक चेन डेभलपर र नेटवर्क नोहाउ लगायत अन्य क्षेत्रका काम नेपाली आइटी जनशक्तिले गर्दै आएका छन् ।

**यौन/स्वास्थ्य**

# उत्कृष्ट यौन जीवनका लागि के खाने, के नखाने ?



पार्टनरबीच सम्बन्ध बलियो बनाइर ाख्नका लागि यौनको महत्वपूर्ण भूमिका हुन्छ । यौन जीवनलाई उत्कृष्ट बनाउनका लागि मानिसहरु विभिन्न प्रकारको तरिका अपनाउने गर्छन् । तर के तपाईंलाई खानपिनले पनि यौन जीवनमा अत्यधिक प्रभाव पारिरहेको छ भन्ने थाहा छ ? यौन सम्बन्ध अघि तपाईं जे खानुहुन्छ त्यसको असर यौन शक्तिमा पर्ने गर्छ । विशेषज्ञले यौन सम्बन्ध स्थापित गर्नु अघि के खाने र के नखाने भन्ने सल्लाह दिएका छन् ।

**अनार**:

यौन शक्ति र फर्टिलिटी बढाउनका लागि अनार अत्यधिक फाइदाजनक मानिन्छ । विशेषज्ञका अनुसार अनारको जूस पिउँदा मूड राम्रो हुन्छ र रक्त सञ्चारमा पनि सुधार आउँछ । यसले टेस्टोस्टेरोनको स्तर पनि बढाउँछ ।

**चकलेट**:

चकलेट र रोमान्सको गहिरो नाता छ । चकलेट खाँदा सरोटोनिक हर्मोन बन्ने गर्छ जसले मूड राम्रो बनाउँछ । यौन सम्बन्ध स्थापित गर्नुअघि चकलेट खाँदा तनाव कम हुन्छ र यौन इच्छा जागृत हुन्छ । यसका साथै चकलेटमा फेलिलएलथाइलमाइन हुन्छ जसले यौन इच्छा बढ्ने गर्छ ।

**पालुङ्गो**:

हरियो पालुङ्गोमा अत्यधिक म्याग्नेसियम पाइन्छ जसले टेस्टोस्टेरोनको स्तर बढाउने काम गर्छ । पालुङ्गोमा आइरन पाइन्छ जसका कारण सेक्स ड्राइभ बढ्ने गर्छ । यो विशेषगरी महिलाको यौन इच्छा र सन्तुष्टि बढाउन सहयोगी छ ।

**खरबुजा**:

खरबुजामा साइट्रिनलाइन नामको एमिनो एसिड हुन्छ । शरीरमा प्रवेश गरेपछि यो आर्जिनिन एमिनो एसिडमा परिवर्तन हुन्छ । यसका कारण रक्त कोसिकाले आराम पाउँछ जसका कारण यौनाङ्गले राम्रोसँग काम गर्न सक्छ । खरबुजाले शरीरमा त्यस्तै काम गर्छ जस्तो इरेक्टाइल डिसफंक्सन रोक्नका लागि भियग्राले गर्छ ।

**एभोकाडो**:

क्रिमले भरपुर यो फलमा हेल्दी फ्याट र फाइबर हुन्छ । एभोकाडो खाँदा भित्रैदेखि ऊर्जा मिल्छ । त्यसैले विशेषज्ञ यौन सम्बन्ध स्थापित गर्नुअघि एभोकाडो खान सल्लाह दिन्छन् । यसबाहेक महिलालाई महिनावारीका बेला हुने थकान र चिड्चिडापनलाई हटाएर मूडलाई रोमान्टिक बनाउन पनि मद्दत गर्छ ।

**स्ट्रबेरी**:

स्ट्रबेरी भिटामिन सीले भरपुर हुन्छ जसका कारण तनाव कम हुन्छ र यौन इच्छा बढ्ने गर्छ । स्ट्रबेरी खाँदा शरीरमा अक्सिटोसिन हर्मोन बन्छ जसलाई लभ हर्मोन पनि भनिन्छ । यसको सम्बन्ध यौन इच्छासँग हुन्छ ।

**कफी वा चिया**:

कफी वा चियामा अत्यधिक क्याफिन पाइन्ट जसको असर स्नायू प्रणालीमा पर्छ । यसले यौन सम्बन्धका बेला पुरुषमा परफर्मेन्स एन्जाइटी हुन दिँदैन । क्याफिनले इरेक्टाइल डिसफंक्सनको सम्भावना पनि कम गर्छ । सुत्नु ठिक अघि कफी वा चिया नपिउनुहोस् नभए यसले समस्या निम्त्याउन सक्छ ।

**फ्याटी फिश**:

साल्मन, सार्डिन् र मेकेरलजस्ता फ्याटी फिशमा भरपुर मात्रामा ओमेगा-थ्री पाइन्छ । यो हेल्दी फ्याटले शरीर सुन्निन कम हुन्छ जसका कारण यौन जीवन पनि राम्रो हुन्छ । यदि तपाईं शाकाहारी हुनुहुन्छ भने ओमेगा-थ्रीका लागि फ्लेक्स सिड्स, चिया सिड्स वा ओखर खानुहोस् ।

**यी खानाहरू नखानुहोस्**:

स्वस्थ यौन जीवनका लागि केही खानेकुरा खानु हुँदैन जस्तै कि रक्सी । रक्सीको अत्यधिक मात्राले टेस्टोस्टेरोनको स्तर कम गर्छ । यसको असर स्नायू प्रणालीमा पर्छ जसका कारण सेक्स ड्राइभ कम हुन्छ । यसका साथै यौन सम्बन्धको ठिक अघि कहिले पनि मासु वा नौनीजस्ता स्याचुरेटेड फ्याटयुक्त खानेकुरा नखानुहोस् । यसले रक्त सञ्चार स्लो गर्छ र यौन इच्छा कम हुने गर्छ ।

# साहित्य

## बाल शोषण



**साक्षी चौधरी**

*कक्षा: १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

एकाइसौं शताब्दीमा
हिँड्दा हिँड्दै पनि
कति रहे रहेछन् बालबालिका
बाल शोषणमा परी
ललाई फकाइ
मुम्बईमा बेचिदिए

होटलमा रोइ बसे उनी
काम लगाइदिने भनेर
त उनलाई विदेश लगे
विदेश पुग्दा उनलाई
अर्कैसँग बेचे
एक कुनामा रोइ बस्दा
चुप लाग भन्ने कोही थिएन
एककोठामा थुन्दा पनि
खोलिदिने कोही थिएन

खाली खुट्टा हिँड्दा हिँड्दा
पनि गाली गर्दैनन्
मालिक अझै पनि रोकिँदैनन्
शोषण गर्न खुट्टामा चोट देख्दा
नेताहरु भाषण दिन पछि हट्दैनन्
बालबलिकाको सबै अधिकार
सुनिश्चित गरिएको छ भनेर

आफू भने कारमा चढी हुइकिन्छन्
सोझा साझाको जीवनमाथि
गर्छन् खेलवाड

## अनौठो परिवर्तन



**दीपिका योञ्जन**

*कक्षा : ९, नवोदय शिशु सदन*

भरिएको छ यो
हरियो डाँडकाँडाले
ती रमणीय वातावरणले
लोभ्याएको छ सबैका मन
छैन यहाँ अँध्यारो
हिमालहरु बनेका छन् मोतीझैँ

खुसी छाएको छ
भुवन भरिएको
सकारात्मक ऊर्जा
वरदान पाएको रैछ यसले
मोहित छन् सबै
यहाँको सुन्दरतामा

रमणीय हिजोको
वातवारण र अवस्था
आज हेर के भयो यसलाई
अँध्यारो छायो यहाँ
के गऱ्यौ हेर तिमीले

यी ठूलाठूला काँडाहरु
अनि अलप दृश्य
अझैं छैन महसुस कसैलाई
अब म र तिमीले
परिवर्तन गर्नुपर्छ
अहिले नगरे कहिले गर्ने

अन्यत्रै सारे कदम अगाडि
भइन्छ त्यति नै पछाडि
रुपान्तरण तिमी
अनि
ममा निर्भर
अब तिमी अनि म मात्र हो
हामीले नगरे कसले गर्ने ।

## मेरो देश



**निभा यादव**

*कक्षा: १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

प्रकृतिको सुन्दरताले
सजिएको देश
आफ्नो आफ्नो भाषा
धर्म मिठो बोली भेष

तराई, पहाड, हिमाल अनि
फरक हावापानी
माया प्रेम आदर गर्छन्
जहाँ भएपनि

नेपालीको आफ्नो पौरख
मेहनती बानी,
सहयोगी र दयालु भई
काट्छन् जिन्दगानी

प्रकृतिको आकर्षणले
तान्छ पाहुनालाई
अर्थतन्त्र धानी दिन्छ
बेरोजगारी हटाई

गर्व गर्छु म त
सधैं नेपाली हुनुमा
हिम्मत राख्छु सफलताको
शिखर छुनुमा

## प्रकृति



**आयुश्री घिमिरे**

*कक्षा : ९, नवोदय शिशु सदन*

मोहित भयो हृदय मेरो हिमाल देखेर
हृदय हुन्छ प्रफुल्ल त्यही हिमाल सम्झेर

प्रकृति बिना मानिस हामी बाँच्दैनौं
हावा र पानी, बिना सास फेर्दैनौं

हराभरा त्यो जङ्गल हाम्रो, हेरी रहुँ लाग्ने
प्रकृति सफा राख्न मेरो मनले चाहाने

प्रकृति हाम्रो हेर्न साथी सुन्दर जहान
गरेर कर्म बनाऔं हामी नेपाल महान्

हेर न साथी पहाड, रुख साह्रै नै सुन्दर
मोहित भयो हृदय मेरो हिमाल देखेर

## मेरी आमा



**राधेश्याम कुशवाहा**

*कक्षा १२, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*

आमा तपाईंको काखमा हुर्केको म
तपाईंकै सहाराले अघि बढ्नेछु म
आफू नखाई खुवाई मलाई
संसारमा अघि बढ्न सिखाइ मलाई

आमा एकदिन विदेश जानेछु म
तपाईंको मनमा लुकेको कुरा साकार गर्नेछु म
रातदिन मेहनत गरी पढाई मलाई,
संसारमा जीउने बाटो देखाई मलाई

आमा एकदिन विदेशबाट फर्किनेछु म
संसारको हरेक दिन तपाईंको साथ दिनेछु म

## मेरो विद्यालय



**समीर मैनाली**

*कक्षा २, नवोदय शिशु सदन*

मनपर्ने विद्यालय
पढाइ राम्ररी हुने
शिक्षिकाहरुले पढाउने
राम्रो कुरा सिकाउने

मेरो विद्यालयमा
छन् धेरै कक्षाकोठा
मेरो विद्यालयमा
खेल खेल्न मिल्ने

म मेरो विद्यालयलाई
धेरै माया गर्छु
ज्ञानी भएर बस्छु
साथीहरुसँग मिल्छु

## दोसाँध

**मोहन सुवेदी**

सिन्दुरी रङ्ले सजिएर
झुल्कियो आजको नौलो घाम
एकाबिहानै मेरो घरको संघारभरि

अँजुलीमा राखें झुल्काहरूलाई
पोखिन्छन् कतै भन्ने डरले
टाँसिदिएँ हृदयभरि टमक्क

कसैले मागे म अलिकति दिनसक्छु
मेरो पीर मिस्सिएको घाम
जसले मलाई भित्रबाटै ब्युँझाइरहन्छ

एउटा पाठ पढ्दैछु अचेल
सेतो र कालो रङ्गो प्रभेद
घामलाई साक्षी राखेर

कालो रङ्देखि जति नै टाडिनखोज्छु
घामले छेक्नसक्दैन
उत्ति नै नजिक आँउछ ऊ
मुट्ठीभरि बाँधेको सेतो हावालाई
जूनसित खेल्नका लागि
खुल्ला छोडिदिन्छु आँगनभरि

यसबेला मसित न घाम छ
न जून..........

## गजल



**युवराज घलेभाइ**

केही हराएको छ तिम्रो पनि मेरो पनि
आँखा रसाएको छ तिम्रो पनि मेरो पनि ।

यि घाउहरु दुख्नकै लागि बनेका हुन्छन्
दु:ख पलाएको छ तिम्रो पनि मेरो पनि ।।

औषधी खोजेरै आयु सकिन्छ जीवनको
मुटु खाएको छ तिम्रो पनि मेरो पनि ।।।

आफ्नै रहरहरुले घोचेर पीडा दियो
आँखा बिजाएको छ तिम्रो पनि मेरो पनि ।।।।

## अथाह गहिरो भित्री चुपचापभित्र

**राजु 'हिमांशु'**

राजनीतिक आकाशमा
सेखीको पाखुरो सुर्केर पनि
अहमको चरो उड्नैपर्छ जसरी पनि
भन्ने/ठान्ने/मान्ने
स्वार्थहरूको बथानमा
कतिबेला निसासिएर मरिसक्यो
सपनाको पालुवा
थाहै भएन ।

पुराना घाउहरूले पिल्सिएको छातीले
न्यानो ताप्न नपाई
सपना निसासिएर
किन मर्छ हँ
पटकपटक ?

अब
सपनाको आत्माले
शान्ति पाउने हो कि होइन !
दन्किरहेको त्रासको आगोले
पोलिबस्छ भतभती सुर्तालाई ।

झसङ्ग झस्काउने भयावह बिपनाले भने
तर्साएको तर्साएकै छ
अझै पनि
कुन्नि के नपुगेर ।

अथाह गहिरो
भित्री
चुपचापभित्र
अहिले म पनि
निसासिँदै छु
बेस्मारी
सपनाजस्तै ।

# लम्पी स्किन महामारीले ४८ हजार पशु मरे, ५४ अर्बभन्दा बढीको क्षति



काठमाडौं/सरकारले बेलैमा रोकथाम र उपचारको व्यवस्था नगर्दा ५ महिना अवधिमा लम्पी स्किन रोगको महामारीबाट ४८ हजार पशुले मरिसकेका छन् । देशभरका स्थानीय तहबाट पशु सेवा विभागले संकलन गरेको पछिल्लो विवरणअनुसार हाल देशका ७७ वटा जिल्लामा लम्पी स्किनको महामारी फैलिएको थियो ।

तीमध्ये हिमाली जिल्ला मानाङ र मुस्ताङमा भने रोग नियन्त्रणमा आएको र ७५ जिल्लामा महामारी कायमै रहेको पशु सेवा विभागले जनाएको छ ।

चीन र भारतमा यसअघि नै ठूलो क्षति पुऱ्याएको सरुवा रोगबारे सरकारले बेलैमा रोकथाम र उपचारको व्यवस्था नगर्दा कृषि उत्पादन र दुग्ध व्यवसायमै ठूलो असर परेको छ । हाल कायम संक्रमित र मृतक पशुसंख्याको हिसाब हेर्दा लम्पी स्किन महामारीबाट किसानले अहिले सम्म ५४ अर्ब रुपैयाँ बढी क्षति बेहोरेको प्रारम्भिक अनुमान नेपाल पशु चिकित्सा परिषद्ले गरेको छ ।

नेपालमा २०७९ माघबाट यो रोग पुन: फैलिन थालेको थियो । असार २०७७ मा मोरङको सुन्दर हरैँचा नगरपालिकामा पहिलो पटक नेपालमा लम्पी स्किन रोग देखिएको थियो ।

### तराईमा बढ्दै, पहाडमा निको हुँदै

पशु सेवा विभागका अनुसार हाल तराईका जिल्लाहरुमा रोगको संक्रमण बढेको सूचना स्थानीय तहले रिर्पोटिङ गरेका छन् । देशैभरका पहाडी जिल्लाहरुमा महामारीको रुप लिएको संक्रमणमा भने अहिले केही सुधार आएको विभागका प्रवक्ता डा.चन्द्र ढकालले बताए ।

हाल रोगविरुद्धको खोप आयात र लगाउने कार्यका लागि अभियान जारी राखेको र रोगको संक्रमण रोकथामका पशु चिकित्सकको परिचालन पनि बढाइएको उनले बताए ।

कोशी, कर्णाली र सुदूर पश्चिम प्रदेशमा बढी प्रभावित पहाडी जिल्लाहरुमा हाल रोग नियन्त्रणउन्मुख रहेको जानकारी पनि विभागलाई प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट प्राप्त भएका ढकालले बताए ।

'हाल यी क्षेत्रमा नयाँ सङ्क्रमित पनि फाट्टफुट्ट मात्र फेला परेका र रोग देखिएका पशुहरु उपचारबाट निको भएको जानकारी प्राप्त भएको छ,' ढकालले भने ।

### ४८ हजार बढी पशु मरे

लम्पी स्किन रोगबाट हालसम्म ४८ हजार ८८० पशुको मरिसकेको पशु सेवा विभागको विवरणमा उल्लेख छ । देशभर अझै पनि सक्रिय संक्रमित पशुको संख्या एक लाख ८३ हजारभन्दा धेरै छ ।

पछिल्लो महामारी फैलिएको ५ महिनामा सङ्क्रमित पशुको संख्या ११ लाख ४९१ रहेको विभागले जनाएको छ ।

त्यसमध्ये उपचारपश्चात् ८ लाख ६७ हजार ८१० पशु निको भएका छन् । हाल सक्रिय संक्रमित पशु सख्या १ लाख ८३ हजार ८०१ रहेको विभागको तथ्यांक छ ।

कोशी प्रदेशका २५ वटा पालिकामा कार्यरत पशु चिकित्सकहरुले विभागमा पठाएको विवरणअनुसार सो प्रदेशका पहाडी जिल्लाहरुमा हाल रोग नियन्त्रणमा रहेको जानकारी पाइएको छ । तर, तराईका जिल्लाहरु (झापा, मोरङ र सुनसरी) मा फाट्टफुट्ट रुपमा रोगका संक्रमणहरु देखा परिरहेको विभागले जनाएको छ ।

### रोकथाममा टालटुले बजेट

सरकारले लम्पी स्किन महामारी रोकथामका लागि काम गरिरहेको दाबी छ । त्यसकका लागि स्थानीय तहमा पशु चिकित्सक परिचालनदेखि पालिकाहरुलाई अनुदान र संक्रमित पशुलाई खोपको कार्यमा सहजीकरण गरिएको छ । साउन तेस्रो हप्तासम्म ३ लाख ५० हजार ९२६ पशुलाई खोप लगाइ सकिएको विभागको दाबी छ ।

यस्तै, प्रकोप धेरै देखिएको कोशी प्रदेशमा खोप खरिदका लागि ५० लाख, आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा २ देखि ३ लाख र मन्त्रालयमा ६० लाख बजेट विनियोजन गरिएको पशु सेवा विभागले जनाएको छ । हाल कोशी प्रदेशमा रोग नियन्त्रणका लागि अभियानका रुपमा खोप कार्य सञ्चालनमा भइरहेको छ ।

यस्तै हाल मधेश प्रदेशमा रोगको सङ्क्रमण वृद्धि हुने क्रममा रहेको मधेश प्रदेशले ६४ हजार खोप खरिद गरिसकेको पनि विभागको भनाइ छ । प्राविधिकहरुलाई खोप लगाउने तालिम दिइसकिएको छ र १५ साउनदेखि सप्ताहव्यापी रुपमा खोप कार्य सञ्चालन भइरहेको डा. ढकालले बताए ।

लम्पी स्किन महामारी नियन्त्रणका लागि मधेश प्रदेशले खोप खरिदको लागि ५० लाख, आकस्मिक रोग नियन्त्रणको लागि हरेक जिल्लामा ५ लाख बजेट विनियोजन गरेको र मधेश प्रदेशका केही स्थानीय तहहरुले खोप खरिद गरी प्रयोग गरी रहेको छ ।

गण्डकी प्रदेशले खोप खरिदको लागि १ करोड बजेट विनियोजन गरेको छ भने अघिल्लो आवमा खरिद गरिएको खोप कार्य सञ्चालनमा रहेको छ ।

बागमती प्रदेशले खोप खरिदको लागि ६५ लाख विनियोजन गरेको छ भने आकस्मिक रोग नियन्त्रणको लागि हरेक जिल्लामा ५ देखि ९ लाख बजेट विनियोजन गरेको छ । यो प्रदेशमा २५ देखि ३१ साउनसम्म सप्ताहव्यापी रुपमा खोप कार्य गर्न भ्याक्सिनेटर नियुक्तिको सूचना जारी गरेको विभागले जनाएको छ ।

लुम्बिनी प्रदेशमा पनि खोप कार्य चालु रहेको र खोप खरिद कार्यको लागि थप २ करोड ८३ लाख बजेट व्यवस्थाको प्रक्रिया अघि बढाएको छ ।

सुदूरपश्चिमका पहाडी जिल्लाहरुमा रोग नियन्त्रणको क्रममा रहेको तर तराईका जिल्लामाहरुमा क्रमश: रोग देखिन सुरु भएको विवरण विभागमा आएको छ । तर, रोगी पशुहरुमा मृत्युदर कम हुँदै गएको प्रवक्ता ढकालले बताए । हालसम्म विभागको सिफारिसमा निजी क्षेत्रबाट १० लाख ३७ हजार डोज खोप आयातका लाग अनुमति भएको पनि विभागले जनाएको छ ।

### ५४ अर्ब ७ करोड बढीको क्षति पूर्वानुमान

नेपालमा लम्पी स्किनको महामारी हालसम्मकै ठूलो पशु महामारी भएको र यसबाट ५४ अर्ब रुपयाँभन्दा धेरै क्षति भइसकेको अनुमान गरिएको छ । नेपाल पशु चिकित्सा परिषद्ले गरेको पूर्वानुमान अनुसार यो हालसम्मकै पशु क्षेत्रको ठूलो क्षति हो ।

परिषद्का अनुसार हाल एउटा पशु संक्रमित हुँदा ४९ हजार १३५ रुपैयाँ क्षति पुग्ने देखिएको छ । यसमा पशुको मृत्यु, उपचार र उसबाट हुने उत्पादनको क्षतिसमेत हो । हालसम्म रहेको संक्रमण हेर्दा महामारीका कारण ५४ अर्ब ७ करोड २६ लाख रुपैयाँ भन्दा धेरै क्षति पशुपन्छी क्षेत्रले व्यहोर्ने अनुमान गरिएको परिषद्का निमित्त रजिष्टार डा. मनोजकुमार शाहीले बताए ।

### सरकार लाचार भयो

१५ साउनमा लम्पी स्किन महामारीबारे प्रधानमान्त्री पुष्पकमल दाहाल प्रचण्डले मातहतका निकायसँग छलफल गरेका थिए । उनले पीडित किसानलाई सरकारले राहातको व्यवस्था गर्ने देखि खोपको यथोचित व्यवस्थापनका लागि निर्देशन दिएका थिए । प्रधनमन्त्रीले निर्देशनमाथि निर्देशन दिइरहँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भने स्रोतको अभावमा प्रभावकारी काम गर्न नसकिएको जानकारी प्रधानमन्त्रीलाई गराएको थियो ।

विभागले रोगको प्रकोप नदेखिएको क्षेत्रका पशुलाई खोप लगाउन आवश्यक भएको भन्दै रोगको प्रकोपको आधारमा हिउँद भित्रै कम्तीमा ५० लाख पशुहरुलाई खोप लगाउन आवश्यक भएको बताएको र यसका लागि बजेट नभएको बताएको थियो ।

हाल सबै पालिकामा 'एक पालिका एक भेटेरिनरी डाक्टर' र 'एक गाउँ एक प्राविधिक कार्यक्रम' समावेश नभएको हुँदा छुटेका सबै पालिकाहरुमा चिकित्सक र सबै वडामा प्राविधिकहरुको व्यवस्थापनका लागि ६० करोड बजेट व्यवस्था गर्न आवश्यकबारे पनि विभागले प्रधानमन्त्रीलाई भनेको छ ।

यता, किसान आयोगले भने महामारीमा सरकारको उपस्थिति नै नभएको आरोप लगाएको छ । महामारीका कारण हुने क्षति अझै बढ्ने आँकलन विज्ञहरुले गरेको भन्दै यसमा सरकार संवेदनशील नभएको आयोगका अध्यक्ष डा. प्रेम दंगालले बताए ।

सरकारले यति बेला पशु रोग अन्वेषण, उपचार र रोकथामका केन्द्र नै बन्द गरेर बसेको आरोप दंगालको छ । '५० अर्ब बढीको क्षति हुँदा ५० हजार हाराहारी पशु मरिसक्दा पनि सरकार संवेदनशील भएको देखिएन,' अध्यक्ष दंगालले भने, 'किसानहरु रोएर हिंडेका छन् । तर सरकार मुकदर्शक बनेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'बार्बी' र 'ओपेनहाइमर'को दबदबाबीच 'अदृश्य' हलमा





काठमाडौं/हलिउडका दुई फिल्म 'बार्बी' र 'ओपेनहाइमर'ले नेपालमा उत्साहप्रद व्यापार गरिरहेका छन् । गत शुक्रबारबाट प्रदर्शनमा आएको बलिउड फिल्म 'रक्की और रानीकी प्रेम कहानी'को व्यापार पनि सुखद छ । जसले गर्दा नेपाली बक्सअफिसमा विदेशी फिल्मको एकछत्र दबदबा देखिएको छ । यसबीच, शुक्रबारबाट प्रल्हाद काफ्लेद्वारा निर्देशित नेपाली फिल्म 'अदृश्य' प्रदर्शनमा आएको छ ।

फिल्मले काठमाडौंका मल्टीप्लेक्सहरुमा न्यून शो पाएको छ, त्यो पनि एकाधमा । क्यूएफएक्स चेनले काठमाडौंबाहेक विराटनगर, नेपालगञ्ज, नारायणगढ, विर्तामोड र दमौलीमा एक/एक शो बाँडेको छ । त्यस्तै, काठमाडौंका विएसआर, आइएनआई, रञ्जना, वान सिनेमाज लगायतले पनि फिल्मलाई एक/एक शो मात्रै दिएका छन् । यसले हलवालालाई फिल्मप्रति अपेक्षा नभएको देखाउँछ ।

पिताम्बर फिलमस्को प्रस्तुति रहेको 'अदृश्य'मा प्रमोद अग्रहरी, सोहित मानन्धर, रिश्ता बस्नेत, प्रविन खतिवडा, छुल्ठिम गुरुङ, रवि गिरी, विकेश प्रजापती, सिएम भारद्वाज सुवेदी, गीत विष्ट, सुरज बिष्ट, जसिता घिमिरे, सन्दीप बाबु लोहनी, रुपेश दाहाल, सुजन बज्राचार्य, अजित रेग्मी, अभिमान सिंह बस्नेतलगायतको अभिनय छ । उक्त फिल्मको निर्माता मिना बस्नेत र उमारुद्रा काफ्ले हुन् ।

'अदृश्य'को सह-निर्मातामा रविन अधिकारी र रिकेश खत्री छन् । आकाश उखेडाको पटकथा तथा संवाद, राकेश रनपालको कथा, उत्तम हुमागाई र मोहन कुमार भिल्लुको छायांकन, मुकेश शाहको पार्श्व संगीत, निशान घिमिरेको कलर तथा बनिश शाहको सम्पादन रहेको फिल्मलाई आरआर फिल्म्सले देशभर वितरण गरेको छ । फिल्म सस्पेन्स-थ्रिलर कथामा आधारि भएर बनेको हो ।

# 'काजी'का लागि वर्षाले छाडिन् 'कामिनो'



काठमाडौं/स्टारकास्टका कारण चर्चामा रहेको फिल्म 'कामिनो' निर्माण नहुँदै संकटमा परेको छ । निर्धारित समयमा छायांकन नहुँदा एकपछि अर्को कलाकारले फिल्म छाडिरहेका छन् । सौगात मल्ल, राजबल्लभ कोइराला र नीति शाहपछि वर्षा सिवाकोटीले पनि फिल्म छाडेकी छन् । उनी स्वयंले यसको पुष्टि गरिन् । उनले बिहीबार निर्माण टिमलाई अब काम गर्न नभ्याउने जानकारी गराएकी हुन् ।

वर्षा बाहिरिएसँगै मुख्य भूमिकामा अनुबन्ध भएका अब अभिनेता प्रदीप खड्का मात्र फिल्ममा बाँकी छन् । उनी पनि फिल्म छाड्ने मनस्थितिमा रहेको स्रोत बताउँछ । त्यसो त फिल्मी बजार मा अब 'कामिनो' निर्माण नहुने चर्चा छ । तर, निर्देशक दीपक वलीले फिल्म निर्माण हुने रटान लगाउन छाडेका छैनन् । फिल्मको प्रि-प्रोडक्सनमा नै निर्माताको ५० लाख बढी खर्च भैसकेको बताइन्छ ।

फिलमको नेपालसँगै मेक्सिको र ब्राजिलमा छायांकन गर्न लागिएको थियो । त्यस देशमा लोकेशन हेर्नका लागि निर्देशक र निर्माताले भिसा आवेदन दिएका थिए । तर, भिसा लागेन । यसपछि नै टिमभित्र भद्रगोल सुरु भएको बताइन्छ । मेक्सिको र ब्राजिलको सट्टा अब फिलिपिन्समा छायांकन गरिने निर्देशक वलीले जानकारी गराएका थिए । तर, अहिलेसम्म छायांकनको कुनै अत्तोपत्तो नै छैन ।

वर्षा आगामी भदौ महिनाबाट लक्ष्मण रिजालको निर्देशन र रामप्रसाद रिजालको निर्माणमा बन्न लागेको फिल्म 'काजी'मा काम गर्ने तयारीमा छिन् । यसैले उनले 'कामिनो'बाट विदा लिएकी हुन् । उनी 'काजी'लाई लिएर गम्भीर देखिएकी छन् । आगामी नयाँ वर्षको छेकोमा रिलिज हुन लागेको फिल्ममा वर्षासँगै विजय बराल, बुद्धि तामाङ, सुमन कार्की र कैलाश कार्कीको पनि अभिनय रहनेछ ।

# भेटिएनन् दुर्गममा जाने कर्मचारी, सुगमतिर झर्न ४०० बढीको आवेदन

काठमाडौं/सुगम क्षेत्रमा कार्यरत स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुले दुर्गम क्षेत्र जान अनिच्छा प्रकट गरेका छन् । सरकारले दुर्गम र अतिदुर्गम क्षेत्रका स्थानीय तहबाट मध्यम र सुगम भौगोलिक क्षेत्रमा जान चाहाने र मध्यम र सुगमबाट दुर्गम र अति दुर्गम क्षेत्रमा जान चाहाने कर्मचारीसँग आवेदन मागेको थियो । तर, अधिकतम कर्मचारीले सुगम छोड्न इच्छा नदेखाएका हुन् ।

'करिब ४५० आवेदनमध्ये सुगमबाट दुर्गमतिर जानका लागि मुस्किलले १०-१५ वटा पनि आवेदन परेको छैन,' मन्त्रालय स्रोतले भन्यो,'हामी संख्या यकिन गरेर विश्लेषण गर्दैछौं ।' कुनै कर्मचारीले दुर्गम जाने इच्छा व्यक्त गरेमा त्यसैअनुसार सरुवा गर्ने योजना बनाइएपनि मागअनुसारको आवेदन नै नपरेको हो ।

बरु सुगम क्षेत्रतर्फ जानका लागि माग गर्नेको संख्या अत्याधिक देखिएपछि अब मन्त्रालयले सुगममा लामो सयम काम गरिसकेकाहरुलाई नियमित रुपमा दुर्गम क्षेत्रतर्फ सरुवा गर्नुपर्ने अवस्था आएको मन्त्रालयका एक अधिकारीले बताए ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भौगोलिक क्षेत्रको कार्यालयमा काम गर्न इच्छुक कर्मचारीसँग 'ग' र 'घ' वर्गका भौगोलिक क्षेत्रमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतले 'क' र 'ख' क्षेत्रमा सुरुवा भएर जान आवेदन माग गरेको थियो । सरकारले यातायात सुविधा, प्रदेश राजधानी तथा जिल्ला सदरमुकामदेखिको दूरी, शिक्षा, स्वास्थ्य, दुरसञ्चार, विद्युत, मानव विकास सूचकांक, भौगोलिक अवस्था लगायतका आधारमा भौगोलिक क्षेत्र वर्गीकरण गरेको छ ।

स्थानीय तहलाई 'क', 'ख' 'ग' र 'घ' गरी चार वर्गमा विभाजन गरिएको छ र 'क'लाई भौगोलिकताका आधारमा अति दुर्गम, 'ख' लाई दुर्गम, 'ग'लाई मध्यम र 'घ' वर्गलाई सुगम स्थानीय तहका रुपमा विभाजन गरेको छ । अति दुर्गममा १६२, दुर्गम 'ख'मा २१८ र मध्यम 'ग' वर्गमा २७५ र सुगम 'घ' वर्गमा ९८ वटा स्थानीय तह छन् ।

मन्त्रालयले ११ साउनमा संघीय निजामती सेवामा समायोजन भएका कर्मचारीहरु, संघीय निजामती सेवामा समायोजनपछि कर्मचारी समायोजन ऐन, २०७५बमोजिम प्रदेश र स्थानीय तहमा कामकाजमा खटाइएका कर्मचारीहरु र संघीय निजामती सेवामा समायोजन भएर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाजमा खटाइएका कर्मचारीहरुसँग सरुवाको आवेदन मागेको थियो । कम्तीमा डेढ वर्ष एउटा भौगोलिक क्षेत्रमा काम गरिसकेकाहरुले सरुवाका लागि निवेदन दिनुपर्ने थियो ।

यस्तो अवस्थामा मध्यम र सुगम क्षेत्रमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतले दुर्गममा जान एउटा पनि निवेदन पेश गरेनन् भने अतिदुर्गम र दुर्गम क्षेत्रमा कार्यरत ४०० जना कर्मचारीले भने मध्यम र सुगम क्षेत्रमा आउन चाहेको भन्दै निवेदन दिएका छन् ।

### सुगमबाट दुर्गममा पठाउने अठोट

मन्त्रालयले आवेदन नपरेपनि एकै कर्मचारी लामो समय सुगम क्षेत्रमा मात्रै काम गर्ने अवस्था हटाउने अठोट लिएको बताएको छ । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी स्थानीय तहहरु निमित्त प्रमुख प्रशासकीय अधिकृतका भरमा चलाउने अवस्था अन्त्य गर्ने बताउँछन् ।

उनका अनुसार कतै कर्मचारी थुप्रिएको छ, कहीं कर्मचारी अभावमा जनताले सेवा सुविधा पाएका छैनन् । एकै ठाउँमा १० वर्ष, आठ वर्ष, सात वर्ष र पाँच वर्षसम्म बसिरहेकाहरु छन् । उनीहरुलाई सरुवा गर्दा सरुवा गरेको ठाउँमा जानै नमान्ने, सोर्सफोर्स लगाउने, धम्क्याउने गरेको मोदीले बताए ।

'मैले कसैको कुरा सुनिनँ । लामो समय दुर्गममा बसेकालाई सुगममा र सुगममा बसेकालाई दुर्गममा पठाउने काम जारी छ ,' उनले भने । सबै मन्त्रालयलाई भएको दरबन्दी अनुसारको मात्र कर्मचारी राख्न र बरण्डामा बस्नुपर्ने कर्मचारीलाई स्थानीय तहमा, प्रदेशमा पठाउन सहयोग गर्न आग्रह गरेको उनले बताए ।

'अहिलेसम्म निमित्तका भरमा चलेका स्थानीय तहको संख्या घटाउँदै लगेको छु । सायद भदौभित्र सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पुग्छन्,' मोदीले भने, 'मन्त्रालयमा दरबन्दीभन्दा बढी राखेका कर्मचारी छन् ।

*(स्रोत: अनलाइनखबर)*

# ज्ञानेन्द्र मल्लले लिए सन्यास



काठमाडौं/नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका छन् ।

काठमाडौंमा पत्रकार सम्मेलन गर्दै उनले सन्यासको घोषणा गरेका हुन् । उनले अन्तर्राष्ट्रिय क्रिकेटमा पूर्णविराम लगाउँदै एउटा फरक यात्राको आरम्भ गर्ने निर्णय लिएको बताएका हुन् । पत्रकार सम्मेलनमा उनले घरेलु क्रिकेट पनि नखेल्ने बताए ।

सन् २००५ देखि उमेर समूहको क्रिकेटबाट यात्रा सुरु गरेका थिए । यू-१५ टोलीबाट खेल्न थालेका उनले २००५ मा नै यू-१७, यू-१९ बाट २००६ देखि राष्ट्रिय सिनियर टिममा डेब्यु गरेका उनले २०२३ मा जिम्बावेस्थित हरारे मैदानमा आईसीसी विश्वकप क्वालिफायर्समा आयरल्यान्डसँग नेपालको जर्सीमा अन्तिम खेल खेलेका हुन् ।

सन् २००६ को इन्टर कन्टिनेन्टल कपमा नामिबियाविरुद्ध डेब्यू गरेका ज्ञानेन्द्रले डेढ दशकभन्दा बढी अन्तर्राष्ट्रिय क्रिकेट खेले ।

सन् २००९ मा पारस खड्काले कप्तानी पाएपछि १० वर्षसम्म ज्ञानेन्द्र उपकप्तानका रुपमा रहे ।

२०१९ नोभेम्बरमा पारसले कप्तानबाट राजीनामा दिएपछि ज्ञानेन्द्रले नेतृत्वको जिम्मेवारी पाएका थिए । उनी २०७८ मंसिरसँग नेपाली राष्ट्रिय क्रिकेट टिमको कप्तान रहेका थिए ।


तर ज्ञानेन्द्रले खेलाडीको केन्द्रीय सम्झौता र सुविधाको बारेमा आवाज उठाउने समूहको नेतृत्व गर्दा नेपाल क्रिकेट संघ क्यानबाट अनुशासनको कारबाही स्वरुप कप्तान पद गुमाएका थिए ।

कप्तानबाट हटाइएपछि ज्ञानेन्द्रले सन्दीपको कप्तानीमा ओमानमा टी-२० विश्वकप छनोट र युएईमा लिग टू खेले । तर, त्यसपछि भने उनी टिममा पर्न छाडेका थिए ।

पोहोर साउनमा नेपालले केन्यासँग खेल्ने टी-२० तथा एकदिवसीय क्रिकेटमा उनले टोलीमा पुनरागमन गरेका थिए ।

ज्ञानेन्द्रले नेपालका लागि ३७ वटा एकदिवसीय र ४५ वटा टी-२० आई क्रिकेट खेलेका छन् । उनले ७७ वटा लिस्ट ए क्रिकेटमा १ हजार ८०२ रन बनाएका छन् ।

# 'जुलेबी' ट्रेलर : सुरक्षा यौनकर्मीको भूमिकामा



काठमाडौं/आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउन लागेको गणेशदेव पाण्डेद्वारा निर्देशित तेस्रो फिल्म 'जुलेबी'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक ट्रेलरमा चार महिला पात्रको कथालाई देखाइएको छ । फिल्म यौन मनोविज्ञानमा आधारित रहेको ट्रेलरले प्रष्ट्याउँछ । अभिनेत्री सुरक्षा पन्तलाई यौनकर्मीको रुपमा चित्रण गरिएको छ । सुशील सिटौला भने उनलाई एकतर्फी प्रेम गर्छन् ।

एन्थोलोजी जनरामा बनेको 'जुलेबी'को कथा रत्नपार्कसँग जोडिएको ट्रेलरले बुझाउँछ । फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा बनेको फिल्ममा सुरक्षा र सुशीलसँगै निशा अधिकारी, उषा रजक, मोनिका थापा, पुष्कर कार्की, तुफान थापा, समीरमणी दिक्षित, सिमरन शेरचनलगायतको पनि अभिनय छ । फिल्मकी निर्मात्री आभा शर्मा हुन् । ट्रेलरले फिल्मको दृश्यभाषा सशक्त रहेको छनक दिन्छ ।

निर्देशक पाण्डे स्वयंको लेखन रहेको फिल्ममा विवेक खड्काको छायांकन, जाटवेद बनर्जीको संगीत, अन्जय खड्काको सम्पादन तथा साउण्ड डिजाइन उत्तम न्यौपानेको छ । डिसीएन र रिच इन्टरटेन्टमेन्टले वितरण अधिकार लिएको फिल्मको विदेशका केही देशमा प्रदर्शन अधिकार बिक्री भैसकेको जनाइएको छ । निर्देशक पाण्डेले यसअघि 'मञ्जरी' र 'गाँजाबाजा' निर्देशन गरेका थिए ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



काठमाडौं-हेटौंडा जोड्ने कान्तिलोकपथ शुक्रबार साँझ पहिरो जाँदा अवरुद्ध भएको छ । कान्तिलोकपथअन्तर्गत जिल्लाको बकैया गाउँपालिका-११ आँपचौरमा वर्षासँगै पहिरो जाँदा सडक अवरुद्ध भएको हो । पहिरो खस्दा सयौं सवारीसाधन रोकिएका छन् । कान्तिलोकपथमा वर्षातको समयमा निरन्तर पहिरो गइरन्छ । मनसुन सुरुभएसँगै १ दर्जन पटक पहिरो गइसकेको छ । *तस्बिर: साझाकुरा ।*

# थाहामा ३३ केभी विद्युत ल्याउन बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ मन्त्रिपरिषद्को बैठकले मातातीर्थ-माल्टा ३३ केभी प्रसारण लाइनका लागि 'टावरप्याड' र 'राइट अफ वे' निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न अधिकार प्रत्यायोजन गरेको छ ।

नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय वन क्षेत्र प्रयोग गरेर मातातीर्थ-माल्टा ३३ केभी प्रसारण लाइनका लागि 'टावरप्याड' र 'राइट अफ वे' निर्माण गर्न मन्त्रि परिषद्ले सहज बनाइदिएको हो । प्रसारण लाइनको 'टावरप्याड' र 'राइट अफ वे' निर्माण गर्न काठमाडौं, ललितपुर र मकवानपुरमा रहेको राष्ट्रिय वन र वन क्षेत्रको २४ दशमलव ६७ हेक्टर जग्गा २० वर्ष प्रयोग गर्न दिने निर्णय गरिएको हो । मन्त्रिपरिषद्को निर्णयसँगै विद्युत प्रसारण लाइनका लागि वन क्षेत्रमा पर्ने ४ हजार १ सय ७२ वटा रुख कटानको स्वीकृति दिने निर्णय गरेको छ ।

यससँगै मातातीर्थ-मार्खु ३३ केभी प्रसारण लाइन निर्माणको बाटो खुलेको हो । एकदशक अघिबाट सुरु भएको परियोजना अन्तर्गत मार्खुमा ३३/११ को सवस्टेशन निर्माण भए पनि



मातातीर्थ-मार्खु खण्डअन्तर्गत मातातीर्थदेखि मकैबारी हुदैं चखेलसम्म वन क्षेत्र भएका कारण लाइन निर्माण हुन सकेको थिएन ।

मातातीर्थबाट ललितपुरको माल्टासम्म लाइन निर्माण हुन बाँकी भए पनि इन्द्रसरोबरको चखेलदेखि मार्खुसम्म भने ३३ केभी लाइन निर्माण भइसकेको छ । मातातीर्थ-माल्टा खण्डको लाइन अन्तर्गत इन्द्रसरोबरको चखेलबाट जोडिएर ३३ केभी विद्युत मार्खु ल्याइने आयोजनाले जानकारी दिएको छ ।

मार्खुमा सवस्टेशन बनेको लामो समय हुँदा पनि वन क्षेत्रबाट लाइन निर्माण गर्ने बाटो नखुल्दा आयोजना अलपत्र परेको थियो ।

विद्युत प्राधिकरणले उत्तरी मकवानपुरमा सहज विद्युत वितरण गर्न मार्खुमा ३३/११ सवस्टेशन तयार भएसँगै थाहा नगर को फाँटबजारमा बनाइरहेको ३३/११ को सवस्टेशनको निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ । सोही परियोजनाअन्तर्गत मार्खु-पालुङ ३३ केभी विद्युत निर्माण कार्य धमाधम भइरहेको पनि प्राधिकरणले जनाएको छ ।

इन्द्रसरोवर र थाहाका केही भू-भागमा मार्खु सवस्टेशनबाट र थाहानगरसहित कैलाशका केही वडामा फाँटबजार सवस्टेशनबाट विद्युत प्रसारण गर्ने योजना रहेको पालुङ वितरण केन्द्रका प्रमुख वीर मान रास्कोटीले जानकारी दिए । विगतदेखि धोर्सिङ सवस्टेशनको एकमात्र स्रोतबाट करिब २ सय किलोमिटर लामो ११ केभी लाइन मात्रको पहुँच हुँदा लाइन नियमित नहुने, भोल्टेज कम हुने र लाइनमा समस्या आइरहने गुनासो ३३ केभी लाइन निर्माण भई सवस्टेशन संचालन भएपछि सम्बोधन हुने केन्द्रप्रमुख रास्कोटीले बताए ।

# बागमतीमा ५ करोड खर्चिएर लोपोन्मुख समुदायको बीमा गरिँदै




साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयद्वारा ५ करोड २५ लाख रुपैयाँ खर्च गरेर लोपोन्मुख समुदायको स्वास्थ्यबीमा गराउन लागिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षमा बजेट छुट्याएर विकासको मूलप्रबाहमा पछाडि परेका समुदायको निशुल्क स्वास्थ्य बीमा गरिदिन लागेको हो ।

स्वाथ्य मन्त्रालयले चालु आर्थिक वर्षमा सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गतामा 'क' र 'ख' वर्ग भएका व्यक्तिको निशुल्क स्वास्थ्य बीमावापतको प्रिमियम तिरिदिन लागिएको छ ।

स्वास्थ्य मन्त्रालयले चालु आर्थिक वर्षमा प्रदेशका १३ जिल्लाका ११९ वटै स्थानीय तहका प्रत्यक वडाबाट नै तोकिएका व्यक्तिको पहिचान गरेर स्वास्थ्य बीमा वापतको प्रिमियम रकम तिरिदिने गरी तयारी गरिएको मन्त्रालयका प्रवक्ता दीपकप्रसाद तिवारीले जानकारी दिए ।

बितेको आर्थिक वर्षमा यस कार्यक्रम अन्तरगत आश्रममा आश्रितहरुको मात्र बीमा गरिएको र यो आर्थिक वर्षमा भने बीमा बोर्डमार्फत् प्रत्येक वडासम्म पुग्ने तयारी भएको तिवारीले बताए । स्वास्थ्य बीमा नभएका कारण औषधि उपचार गर्दा महँगो रकम तिर्नुपर्ने, पैसा अभावकै कारण उपचार पाउन समस्या हुने भएकाले प्रदेश सरकारले लक्षित बर्गलाई तोकेर बीमा गरिदिन लागेको हो ।

स्वास्थ्य बीमा गरेपछि प्रत्येक पाँचदेखि सातजनासम्मको परिवारलाई एक लाखदेखि एक लाख २५ हजार रुपैयाँसम्मको बीमा हुनेछ । बीमा गरेका बिरामीले सरकारले तोकेका अस्पतालमा निशुल्क रुपमा उपचार र औषधिको सुबिधा प्राप्त गर्नेछन् ।

## लागूऔषध मुद्दाका फरार प्रतिवादी १२ वर्षपछि पक्राउ

हेटौंडा, १९ साउन/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध मुद्दाका फरार १ जना प्रतिवादीलाई १२ वर्षपछि पक्राउ गरेको छ ।

१५ पुस २०६८ मा लागूऔषध डाइजेपामसहित नियन्त्रणमा लिइएका सुवाश ढकाल र सन्तोष चापागाई शर्मा प्रहरीको हिरासतमा रहेका बेला २०६८ माघ ५ गते भागेको मकवानपुर प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खोजतलास गरिरहेकोमा फरारमध्ये शर्मालाई साउन १८ गते चितवनको भरतपुर महानगरपालिका-१० बाट पक्राउ गरी अनुसन्धान भइरहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

१५ पुस २०६८ दिउसो १ बजे हेटौंडा-१५ रातोमाटे चेकपोष्टस्थित राजमार्गमा सवारीसाधन जाँच गर्दा बीरगंजबाट चितवनतर्फ जाँदै गरेको बसमा सवार हेटौंडा-११ का ढकाल र शर्मालाई लागूऔषध डाईजेपाम १ सय ८० एम्पुलसहित नियन्त्रणमा लिइएको थियो । जिल्ला अदालत मकवानपुरबाट दिन २५ को म्याद लिई न्यायिक हिरासतमा राखी थप अनुसन्धान भई रहेकोमा २०६८ माघ ५ गते राती हिरासत कक्षबाटै भागेका ढकाल र शर्मामध्ये शर्मालाई पक्राउ गरिएको मकवानपुर प्रहरीले जनाएको छ ।

# अवैध सुन किनेको आरोपमा हेटौंडाका प्रतीक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ बिलबिना सुन किनेको आरोपमा हेटौंडाको पुरानो तथा चर्चित सुन व्यवसायी परिवारका सदस्य पक्राउ परेका छन् ।

चोरी गरेको सुन खरिद गरेको आरोपमा कान्तिराजपथस्थित पूर्ण शाक्य एण्ड सन्सका सञ्चालक प्रतीक शाक्यलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले पक्राउ गरेको हो । प्रतीक हेटौंडाको पुरानो सुन व्यवसायी शाक्य परिवारका सदस्य हुन् । शाक्यको सुन भनेपछि हेटौंडामा चर्चित र विश्वासिलो मानिन्छ । सुन व्यवसायमा विश्वासको ठूलो अर्थ रहन्छ । तर, पूर्ण शाक्य एण्ड सन्सले उपभोक्ताको मन जितेपछि राज्यलाई भने छलकपट गरिरहेको विकसित घटना क्रमले देखाएको छ ।




जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चोरीको सुन, चाँदीको गहना खरिद गरेको आरोपमा कान्तिराजपथस्थित पूर्ण शाक्य एण्ड सन्सका सञ्चालक प्रतीक पक्राउ परेका हुन् । उनले हेटौंडा-१७, चुनडाँडास्थित प्रमिला कार्कीको घरबाट चोरी भएको सुन र चाँदीको गहना खरिद गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । कार्कीको घरबाट हेटौंडा-६ स्थित चुच्चेखोलाका ३४ वर्षीय दिनेश नेपालीले सुन तथा चाँदीको गहना चोरी गरेको प्रहरीको भनाई छ । चोरी भएको सुनको खोजी गर्ने क्रममा प्रहरी पूर्ण शाक्यकोमा आइपुगेको हो । दिनेशलाई प्रहरीले उनकै घरबाट पक्राउ गरेको थियो ।

चोरी गरेको गहना शाक्यको पसलमा ल्याएर आरोपित नेपालीले बिक्री गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको हो । कार्कीको घरबाट चोरी गरी नेपालीले सुनको तिलहरी, जुली दुई थान, चाँदीको बाला, औंठी, लकेट बिक्री गरेको प्रहरीले जनाएको छ । प्रहरीले नेपालीविरुद्ध चोरीको आरोपमा मुद्दा चलाएको छ । दिनेशको शरीर तथा घर कोठा समेत खानतलासी गर्दा निजको साथबाट नगद २८ हजार, निजको घरको कोठाबाट स्क्रिनटच मोबाइल एक थान र फलामको खुकुरीसमेत प्रहरीले फेला पारेको थियो । दिनेशले सुनको बिलसहित चोरी गरेको र बिलसहित शाक्यको पसलमा बिक्री गरेका थिए ।

# मकवानपुरमा ९७५ वटा सम्बन्ध विच्छेदको मुद्दा दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ जिल्ला अदालत मकवानपुरमा ९ सय ७५ वटा सम्बन्ध विच्छेद (डिर्भोस) को मुद्दा दर्ता भएको छ । जिल्ला अदालत मकवानपुरको तथ्यांक अनुसार, जिल्लामा गत आर्थिक वर्ष २०७९/८० को साउन महिनादेखि हालसम्म यो संख्यामा सम्बन्ध विच्छेदको मुद्दा दर्ता भएको हो ।

दर्ता भएका मुद्दामध्ये ७ सय ६८ मुद्दा फछ्र्यौट भएको छ भने २०७ वटा मुद्दा फछ्र्यौट हुने क्रममा रहेको छ । जिल्लामा पछिल्लो ३ वर्षको तथ्यांक हेर्दा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्नेको संख्या बढ्दो क्रममा रहेको छ । गत आव २०७८/७९ मा अदालतमा ८ सय ५९ वटा र आव ०७७/७८ मा ६ सय ८४ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको थियो ।

२०७४ मा संविधान लागू भएर २०७५ भदौ गतेदेखि नयाँ मुलुकी संहिताले पुरुषले समेत सम्बन्ध विच्छेदको उजुरी दिन पाउने कानूनी व्यवस्था गरेसँगै सम्बन्ध विच्छेदका मुद्दाको संख्या बढ्दै गएको जिल्ला अदालत बार एशोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेतले जानकारी दिइन् ।

# थाहामा घर बनाउँदा नक्सा पास अनिवार्य




साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ मकवानपुरको थाहा नगरपालिकामा नक्सा पास गरेर मात्रै आवासीय घर तथा ब्यावसायिक भवन बनाउन पाइने भएको छ । नगरपालिकाले विहिबार सूचना जारी गर्दै निजी, व्यापारिक तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नुपर्ने उल्लेख गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा जारी सूचनामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ बमोजिम नगरक्षेत्रभित्र नक्सा पास गरेर मात्रै निजी तथा सार्वजनिक भवन बनाउन सम्बन्धित सबैलाई आग्रह गरिएको छ । 'यस थाहा नगर पालिकाभित्र कुनैपनि निजी, ब्यापारिक तथा सार्वजनिक भवनको निर्माण सुरु गर्दा अनिवार्य रुपमा नगर पालिकाबाट नक्सा पास गराएर मात्र निर्माण कार्य गर्नु गराउनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ, सूचनामा भनिएको छ

यदि यो सूचना विपरित नक्सा पास नगरी निर्माण कार्य गरेको पाइएमा कानून बमोजिम कारबाही गरिने व्यहोराको चेतावनी पनि सूचनामा उल्लेख छ । नगर क्षेत्रको बसोबासलाई व्यवस्थित बनाउन अनिवार्य नक्सा पासको प्रावधान अगाडि सारिएको मेयर विष्णुबहादुर विष्टले बताए ।


## मकवानपुर क्रिकेट संघको

## आठौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनसम्बन्धी सूचना

यस मकवानपुर क्रिकेट संघको तपशिलको मितिमा हुन गइरहेको आठौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनमा उपस्थितिको लागि सम्पूर्ण साधारण सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल**

**मिति :** २०८०।०४।२० शनिबार

**स्थान:** होटल क्वीक-२०, हेटौंडा-४, हुप्रचौर

**समय :** बिहान ९:०० बजे


# सहकारी बैंक हेटौंडाद्वारा शुभकामना साटासाट



साझाकुरा संवाददाता

हेटौंडा, १९ साउन/ सहकारी क्षेत्रको एकमात्र बैंक राष्ट्रिय सहकारी बैंक स्थापनाको २१ औं वर्षमा प्रवेश गरेको छ । २०६० असार २५ गते दर्ता भइ २०६० साउन १९ गतेबाट कारोबार सुरु गरेको स्थापना दिवसको अवसरमा बैंकको हेटौंडा शाखाले शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ ।

राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखासंयोजक नारायणप्रसाद देबकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय सहकारी महाशाखा प्रमुख एवम् सहकारी रजिष्ट्रार राधाकृष्ण खतिवडाको प्रमुख आतिथ्यता थियो ।

कार्यक्रममा प्रमुख अतिथि खतिवडाले सहकारीको विद्यमान समस्या समाधानका लागि सहकारी बैंक, सहकारी संघसंस्थाले विशेष ध्यान दिनुपर्ने बताए । बैंकका शाखा संयोजक देबकोटाले सहकारी संस्था र सहकारी बैंकबीच सहकार्यले सहकारीमा आएका समस्या समाधान गर्न सहगोग पुग्ने बताए ।

कार्यक्रममा मकवानपुर जिल्ला सहकारी संघ निवर्तमान अध्यक्ष बद्रीप्रसाद लम्साल, हेटौंडा उपमहानगर सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला बहुउद्धेश्यीय सहकारी संघ अध्यक्ष रामहरि न्यौपाने, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ अध्यक्ष हरि प्रसाद कँडेलगायत सहकारी संघसंस्थाका सञ्चालक र कर्मचारीको सहभागिता थियो ।

बैंकको हेटौंडा शाखा अन्तर्गत् ३ सय ३७ सदस्य संस्थामार्फत् १ अर्ब २७ करोड बचत संकलन गरिएको छ भने ६९ करोड कर्जा लगानी रहेको शाखा प्रमुख रामेश्वर अर्यालले बताए । हाल देशका विभिन्न स्थानमा ६८ वटा शाखा र एउटा कर्पोरेट कार्यालय रहेको राष्ट्रिय सहकारी बैंकमा ७७ वटै जिल्लाका १६ हजार ६० सहकारी संघसंस्था सदस्य छन् ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

**बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।**

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना